महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

च.नं. ३२/०७८/७९ मिति २०७८/०९ /०४

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौ ।

विषय : वार्षिक साधारण सभा बस्ने तथा शेयरधनी दर्ता किताब बन्द रहने जानकारी बारे ।

महाशय,

यस बैंकको संचालक समितिबाट आ.व.२०७७/०७८ को सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूंजी रु.३,३४,२४,०२,७२४/– को २० प्रतिशत अर्थात रु.६६,८४,८०,५४५/– (अक्षरेपी छैसट्ठी करोड चौरासी लाख असी हजार पाँच सय पैतालीस) बराबरको बोनस शेयर र चुक्ता पूंजीको १.०५२६ प्रतिशत अर्थात रु.३,५१,८३,१८७/- (अक्षरेपी तीन करोड एकाउन्न लाख त्रियासी हजार एकसय सतासी मात्र) (दशमलब पछाडि ४ अंङ्क मात्र उल्लेख गरीएको) बराबर नगद लाभांस )बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) समेत गरी कुल २१.०५२६ प्रतिशत लाभांस बितरण गर्ने यस बैंकको प्रस्ताव नेपाल राष्ट्र बैंकबाट मिति २०७८/०९/०१ गते स्वीकृति भएकाले उक्त प्रस्ताव पारीत गर्नका लागी बैंकको २० औ वार्षिक साधारण सभामा प्रस्ताव पेश गरीएको र २० औं वार्षिक साधारण सभाको सूचना मिति २०७८/०९/०४ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

साथै बैंकको मिति २०७८ साल पौष २ गते ४:०० बजे बसेको सञ्चालक समितिको ५०६ औं बैठकले बैंकको (आ.व.२०७७/७८) को २० औं वार्षिक साधारण सभा आगामी मिति २०७८ साल पौष २५ गते आईतवारका दिन बिहानको ११ बजे आर्मी अफिसर्स क्लब, टुंडिखेल, काठमाडौंमा शुरु हुने र शेयरधनी दर्ता किताब मिति २०७८ साल पौष १३ गते १ दिन (Book Close) बन्द गर्ने निर्णय भएकोले जानकारीको लागी अनुरोध गर्दछौं ।
बार्षिक साधारण सभा सम्बन्धी प्रकाशित सूचनाको फोटोकपी यसैसाथ संलग्न छ ।

भवदीय,

(सोमराज पन्त)
कम्पनी सचिव

**बोधार्थः**

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभाग, बालुवाटार, काठमाडौं ।
२. नेपाल राष्ट्र बैंक, बिकास बैंक सुपरिबेक्षण बिभाग, वालुवाटार, काठमाडौं ।
३. नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
४. सिडिएस एण्ड क्लियरिंग लिमिटेड पुतलीसडक, काठमाडौं ।
५. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
६. श्री सिद्धार्थ क्यापीटल लिमिटेड नारायणचौर, नक्साल, काठमाडौं ।

